जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९७ पृष्ठः ४ | २०८२ चैत्र ०८ आइतबार (Sunday 22 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अन्तर्राष्ट्रिय जातीय विभेदविरुद्ध दिवसमा र्‍याली




**मणिलाल विश्वकर्मा**

लहान, ७ चैत्र। ६१औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा जातीय विभेदविरुद्धका घटनाहरूमा पीडक पक्षबाट हुने दबाबको कारणले पीडितहरू झन् समस्यामा पर्ने गरेकाले सरोकारवालाहरूले सघाउनुपर्ने माग गरेका छन्। दलित समुदायका अगुवा, सामाजिक अभियानकर्मीहरू, स्थानीय बासिन्दाले सप्तरीको सुरुगा नगरपालिका- ४, कनकपुरमा अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा र्‍याली प्रदर्शन गर्दै जातीय विभेदका घटनाहरूमा राजनीतिक दलसहित सरोकारवालाहरूको सहयोगको माग गरेका हुन्।

नेपाल दलित मोर्चाका केन्द्रीय सदस्य प्रथमलाल रामले विभिन्न ठाउँमा दिनहुँ हुने जातीय विभेद, दलित महिला उत्पीडन, शोषणजस्ता घटनाहरूमा स्थानीय प्रशासन पीडितमैत्री नभएको गुनासो गरे। 'पीडितहरू आफूमाथि भएको घटनाको उजुरी गर्न प्रहरीमा जाँदा उल्टै हप्कीदप्की गरेर फकाइन्छ,' उनको आरोप थियो, 'पत्रकार, अधिकारकर्मीहरूले घटना उजागर गरेपछि मात्र प्रहरीले उजुरी त लिन्छ, तर अनुसन्धानको नाममा पीडित झन् पीडित हुन पुग्छन्।'

र्‍याली प्रदर्शनपछि मुसहर समुदायकी युवा अगुवा सलिता सदायले दलित समुदायका महिलाहरूमाथि हुने बलात्कार, यौन दुर्व्यवहार, यौन शोषणजस्ता घटनाहरूमा पनि प्रहरीले सुरुमा थाहा नै छैन भन्दै पन्छिने गरेको गुनासो गरिन्। 'भर्खरै घरेलु कामदारको रूपमा राखिएकी करिब १४ वर्षीया बालिका गर्भवती भएको खुलेपछि घरधनीले नै बेपत्ता बनाएका छन्,' उनले भनिन्, 'पीडितकी आफन्तले प्रहरीमा उजुरी दिएको पाँच दिन भइसक्दा पनि अझै आरोपीहरू पक्राउ पर्न नसक्नु दुर्भाग्य हो।' प्रहरीले खोज्दै छौं, बुझ्दै छौं भन्ने नाममा बालिकाका आफन्तहरू मानसिक समस्या झेल्न बाध्य भएको उनले बताइन्।

कार्यक्रममा सामाजिक अभियन्ता इन्द्रप्रसाद रामले जातीय विभेदविरुद्धका घटनाहरूलाई राजनीतिक दलहरूले सामाजिक समस्याको रूपमा नलिँदा पटक-पटक घटना दोहोरिरहेको बताए। 'दलहरूले चुनावी नारा मात्र होइन,

-बाँकी दुई पेजमा

## अस्पताल सुधारको माग




सिरहा, ७ चैत्र। लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका स्मारक प्रादेशिक अस्पतालमा सेवामा सुधारको माग गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लहान नगर समितिले अस्पताल प्रशासनलाई आठ बुँदे मागसहितको ज्ञापनपत्र बुझाउँदै सुधारको माग अघि सारेको हो। अस्पतालमा हालै भएको कर्मचारी नियुक्ति, सेवा प्रवाहमा देखिएको लापरबाही तथा पारदर्शिताको अभावका विषयमा नागरिकस्तरबाट गुनासो बढेपछि रास्वपाले औपचारिक रूपमा ध्यानाकर्षण गराएको हो। ज्ञापनपत्रमा फागुन मसान्तसम्मको मासिक तथा आर्थिक वर्ष २०८१/८२ को वार्षिक आय-व्यय विवरण सार्वजनिक गर्नुपर्ने, कर्मचारी भर्नासम्बन्धी विज्ञापन, नियुक्ति प्रक्रिया तथा स्वयंसेवक सम्बन्धी सम्पूर्ण विवरण पारदर्शी रूपमा उपलब्ध गराउनुपर्ने माग गरिएको छ।

त्यस्तै, 'आमा सुरक्षा कार्यक्रम' को आय-व्यय तथा समय व्यवस्थापनको यथार्थ विवरण सार्वजनिक गर्नुपर्ने र

-बाँकी दुई पेजमा

## ल फर्मको विस्फोटमा संलग्नताको आशंकामा एक पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ७ चैत्र। सिरहाको जिल्ला सदरमुकाम सिरहास्थित ल फर्ममा ११ दिनअघि भएको विस्फोटको घटनामा संलग्न रहेको आशंकामा एकजना पक्राउ परेका छन्। जिल्ला अदालत बार एसोसिएसनको कार्यालय रहेको भवनको सटरमा अधिवक्ता मधुसुदनप्रसाद यादवले चलाइरहेको ल फर्ममा गत २७ फागुनमा भएको विस्फोटको घटनामा संलग्नता रहेको आशंकामा एक लेखापढी व्यवसायीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको सिरहा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार बम विस्फोटको घटनामा संलग्न रहेको आशंकामा एकजना लेखापढी व्यवसायीलाई




चार दिनअघि पक्राउ गरी अनुसन्धान गरिरहेको जानकारी दिए, तर नाम भने खुलाएनन्। 'विस्फोटको घटनामा संलग्नता रहेका केही प्रमाणहरू भेटिएपछि पक्राउ गरिएको हो,' उनले भने, 'प्रहरीको अनुसन्धानमा भेटिएका केही प्रमाणहरू परीक्षणका लागि

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## पिनासका लक्षणहरू:

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।
- लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## उपलब्धि कि चेतावनीको संकेत ?

संयुक्त राष्ट्रसंघको 'वर्ल्ड हयापिनेस इन्डेक्स,२०२६' का अनुसार नेपालीहरू दक्षिण एसियामा सबैभन्दा खुसी छन्। यस वर्ष पनि नेपाल कुल १४७ देशमध्ये ९९ औं स्थानमा छ। सबैभन्दा खुसी फिनल्यान्डवासी छन् भने अफगानहरू १४७ औं स्थानमा छन्। प्रतिवेदनमा सार्वजनिक गरिएको विवरणले विश्वभर मानिसहरूको जीवन सन्तुष्टि आर्थिक समृद्धिमा मात्र निर्भर नहुने बरु सामाजिक विश्वास, सुशासन, मानसिक स्वास्थ्य र डिजिटल जीवनशैलीसँग गहिरोरूपमा जोडिएको देखाएको छ। विशेषतः युवा समूहको मानसिक स्वास्थ्य र सामाजिक सञ्जाल प्रयोगबीचको सम्बन्धलाई प्रतिवेदनले उठाइएको छ।

सामाजिक सञ्जालको प्रयोग धेरै हुने समाज कम खुसी देखिएको छ। नेपालजस्तो सामाजिक सञ्जालको प्रयोग र प्रभाव निकै तीव्र एवं निर्णायक गतिमा बढ्दै गएको संक्रमणकालीन समाजका लागि यो गम्भीर चिन्ताको विषय हो। फिनल्यान्ड, आइसल्यान्ड, डेनमार्कजस्ता देशहरू विश्व खुसी सूचकांकमा निरन्तर शीर्ष स्थानमा रहनु संयोग भने होइन। ती देशहरूमा नागरिकप्रति राज्यको जिम्मेवारी स्पष्ट छ। सार्वजनिक सेवामा विश्वास उच्च छ भने भ्रष्टाचार न्यून छ र सामाजिक सुरक्षा बलियो छ। यसको अर्थ नागरिकको खुसी व्यक्तिगत प्रयासको परिणाम नभएर राज्य व्यवस्था र सामाजिक संरचनाको गुणस्तरसँग सीधा सम्बन्धित छ भन्ने नै हो।

दक्षिण एसियामा नेपाल सबैभन्दा माथि ९९औँ स्थानमा रहनु सन्तोषको विषयजस्तो देखिए पनि यसलाई आत्मसन्तुष्टिको आधार बनाउनु उपयुक्त हुँदैन। किनभने नेपालमा बेरोजगारी, वैदेशिक पलायन, सहरी प्रदूषण, शिक्षा स्वास्थ्यमा असमान पहुँच, र संस्थागत विश्वासको कमी अझै गम्भीर चुनौतीका रूपमा रहेका छन्। यस्ता संरचनात्मक समस्या समाधान नभएसम्म खुसीको स्तर उल्लेख्य सुधार हुन सक्दैन। वर्ल्ड हयापिनेस इन्डेक्सको सबैभन्दा महत्त्वपूर्ण सन्देश र नेपालले विशेष ध्यान दिनुपर्ने विषय हो युवाको मानसिक स्वास्थ्यसँग सामाजिक सञ्जालको अत्यधिक प्रयोगको सहसम्बन्ध। दैनिक सात घन्टाभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने युवामा जीवन सन्तुष्टि घट्दै गएको देखिनु नेपालका लागि विशेष चिन्ताको विषय हुनुपर्छ।

नेपालमा डिजिटल पहुँच त तीव्ररूपमा विस्तार भइरहेको छ तर डिजिटल साक्षरता र मानसिक स्वास्थ्यसम्बन्धी विषयमा सार्वजनिक बहस हुनु त परै जाओस् उठानसम्म पनि भएको छैन। भदौ २३र२४को आन्दोलनको कारण एवं माध्यमसमेत बन्नपुगेको सामाजिक सञ्जालको प्रयोगमा नियन्त्रण गर्ने विषय सायद अहिले सरकारले सोच्न पनि सक्दैन। सबै उमेर समूहका नेपालीहरूमा सामाजिक सञ्जालको कुलत यही गतिमा बढिरहने हो भने नेपालीहरू छिटै नै दक्षिण एसियाकै पनि पुछारतिर पुग्न सक्छन्। यसैले नेपालीहरू खुसीको सूचकमा पनि ओरालो नलागुन् भन्ने हो भने सामाजिक सञ्जालको प्रयोगका सम्बन्धमा विशेष नीति अपनाउनुपर्ने देखिन्छ। साथै विद्यालय तहदेखि नै डिजिटल अनुशासन, मनोसामाजिक विमर्श र सामुदायिक सहभागितालाई प्राथमिकता दिने जीवन शैली विकास गर्नु आवश्यक हुन्छ।

राज्यले सुशासन, पारदर्शिता र आधारभूत सेवामा सुधार ल्याउन सकेमा यिनै सामाजिक पूँजी नेपालका लागि "खुसी सूचकाङ्क" सुधार गर्ने वास्तविक शक्ति बन्न सक्छन्। यद्यपि, अहिले कथित आधुनिकताको होडमा पारिवारिक र सामुदयिक सम्बन्धहरूमा विखण्डन बढ्न थालेको छ।

नेपालको सामाजिक संरचनामा परिवार, समुदाय र स्थानीय सहकार्य अझै बलियो आधारका रूपमा रहेका छन्। यसैले खुसी सूचकाङ्कलाई नेपालीले एउटा अन्तर्राष्ट्रिय सूचकका रूपमा भन्दा बढी नीतिगत मार्गदर्शनका रूपमा लिएर परम्परागत आधारहरूलाई अझ बलियो बनाउनु बुद्धिमानी हुनेछ।

### अन्तर्राष्ट्रिय जातीय...

दलीय नीति, कार्यक्रममा पनि यो विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ।' संयक्त राष्ट्र संघले सन् १९६५ मा जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरी जाति तथा रंगभेद उन्मूलन दिवसको रूपमा मनाउने घोषणाको दुई वर्षपछि सन् १९७१ मा नेपालले पनि महासन्धि अनुमोदन गरेको थियो। हरेक वर्ष २१ मार्चका दिन मुलुकभर अधिकारकर्मी, सामाजिक अभियन्ताहरूले विभिन्न कार्यक्रम आयोजना गरी मनाउँदै आएका छन्।

# ऐतिहासिक विजयदेखि कारुणिक पराजयसम्म

**बलराम बास्कोटा**

भिन्न कालखण्डका निर्वाचनहरूमा उल्लेख्य र सम्मानपूर्ण नतिजा हासिल गरेको नेपालको कम्युनिस्ट आन्दोलनले २०७४ सालको निर्वाचनमा ऐतिहासिक सफलता हासिल गरेको थियो। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको वाम गठबन्धनले प्रतिनिधि सभाका २७५ मध्ये १७४ सिट जितेर करिब दुई–तिहाइ बहुमत प्राप्त गरेको थियो। त्यस समयमा, दुई ठूला कम्युनिस्ट पार्टीहरूबीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन पनि भयो र मुलुकले कम्युनिस्ट नेतृत्वको शक्तिशाली सरकार पायो। जनताको जनादेश पाँच वर्षको भए पनि पाँच वर्ष बित्न नपाउँदै लेनिनवादी सङ्गठनात्मक सिद्धान्त कार्यान्वयन गर्नुको बदला नेतृत्वको अहंकार, दम्भ र एकलकाटे शैलीका कारण न सरकार टिक्यो, न पार्टी बच्यो।

२०७९ मा सम्पन्न निर्वाचनमा नै ती दुई पार्टीहरूले ठूलो पराजय भोग्नुपर्‍यो। नेपाली कांग्रेस ८९ सिटका साथ पहिलो शक्ति बन्यो भने एमाले ७८ र माओवादी केन्द्र ३२ सिटमा सीमित भयो। नेकपा एमालेबाट विभाजित पार्टी नेकपा (एकीकृत समाजवादी) राष्ट्रिय पार्टी बन्न नसकी १० सिटमा मात्र खुम्चन पुग्यो। २०८२ फागुन २१ मा भएको निर्वाचनमा नेकपा (एमाले) र माओवादी केन्द्रले क्रमशः २५ र १७ सिट प्राप्त गरी लज्जाजनक पराजय भोग्नुपर्‍यो। बताइरहनु पर्ने आवश्यकता छैन कि केही समयअघिसम्म ठूला र सत्तासीन रहेका दलहरू आज कुल सिट संख्याको १० प्रतिशत हिस्सा पनि हासिल गर्न सकेनन्।

यो पराजय केवल सिट संख्याको हिसाबले मात्र होइन, वैचारिक र राजनीतिक रूपमा पनि अत्यन्त महत्त्वपूर्ण छ। वामपन्थी दृष्टिकोणबाट हेर्दा, यस पराजयले नेपाली कम्युनिस्ट आन्दोलनमा देखिएको वैचारिक विचलन, आन्तरिक विभाजन, संस्थागत कमजोरी र जनताप्रतिको दायित्वबोधमा आएको कमीजस्ता गम्भीर प्रश्नहरू उठाएको छ। यस आलेखमा, कम्युनिस्ट पार्टीहरूको पराजयका मूल कारणहरूको विश्लेषण वामपन्थी दृष्टिकोणबाट गर्ने प्रयास गरिएको छ। साथै, यसले भविष्यको कम्युनिस्ट आन्दोलनलाई के सन्देश दिन्छ भन्ने विषयमा पनि चर्चा गरिने छ।

**वैचारिक विचलन**

वामपन्थी विश्लेषणको केन्द्रविन्दु वैचारिक स्पष्टता र वर्गीय दृष्टिकोण नै हो। नेपालका कम्युनिस्ट पार्टीहरूको पराजयको पहिलो र प्रमुख कारण वैचारिक विचलन नै हो। गणतन्त्र स्थापनापछि सरकारमा पुगेका कम्युनिस्ट पार्टीहरूले क्रमशः आफ्नो क्रान्तिकारी धारलाई भुत्ते बनाउँदै पुँजीवादी व्यवस्थासँग सम्झौता गर्ने पथतिर अग्रसर भए। अझ स्पष्ट शब्दमा भन्ने हो भने उनीहरू दलाल पुँजीवादको चङ्कुलमा फसे। महाकाली सन्धिजस्तो राष्ट्रघाती सन्धि गर्न वामपन्थीहरू नै अग्रसर भए। सत्तामोहमा लिप्त भई विभिन्न बहानामा एमसीसीजस्तो घातक सम्झौता गरे र सार्वभौम संसद्‌बाट यसलाई पारित गर्न वाम शक्ति नै लागे।

एमाले अध्यक्ष केपी शर्मा ओलीले त झन् प्रधानमन्त्री हुँदा हिन्दू धार्मिक आयोजनाहरूमा गरेको लगानी, राम र लक्ष्मणका मूर्ति प्रतिस्थापन गर्ने र राम जन्मभूमि अयोध्या नेपालको ठोरी हो भन्नेजस्ता बेतुकका कुरामा आफ्नो समय खर्चे। धार्मिक जुलुसहरूको आयोजनाजस्ता गतिविधिले कम्युनिस्ट पार्टीको धर्मनिरपेक्ष र वैज्ञानिक सामाजिक दृष्टिकोणलाई नै धूमिल बनाए। कम्युनिस्ट पार्टीले जनताको अगुवाइ गर्नुको सट्टा प्रतिक्रियावादी हिन्दू राष्ट्रवादको एजेन्डालाई नै प्रश्रय दिन थाल्यो। यसले पार्टी र कम्युनिस्ट आन्दोलनप्रतिको जनविश्वासमा गम्भीर आघात पुर्‍यायो। यसै गरी, निर्वाचनमा एमालेले राजावादी र हिन्दू राष्ट्रको पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग गठबन्धन गरेको थियो। यो गठबन्धनले कम्युनिस्ट पार्टीको वैचारिक पहिचानमाथि नै प्रश्नचिह्न खडा गरिदियो। जुन पार्टीले सामन्तवाद विरुद्ध युद्ध लडेको थियो, त्यही पार्टी राजतन्त्रको पुनःस्थापना चाहने शक्तिसँग चुनावी तालमेल गरेर जाँदा जनतामा गम्भीर भ्रम सिर्जना भयो।

वामपन्थी आन्दोलनको मूल आधार नै वैचारिक स्पष्टता हो। त्यसमा धावा बोल्दा जनताले कम्युनिस्ट पार्टीहरू र सामन्तवादी तथा पुँजीवादी पार्टीहरूबीच खासै भिन्नता देख्न सकेनन् र वैकल्पिक शक्तिका रूपमा अमेरिकी साम्राज्यवादपरस्त राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिए। यसरी नेपाली जनताले एकातिर अगाडिको ढोकाबाट बाघलाई लखेटेँ भनेर मख्ख परे तर अर्को ढोकाबाट ब्वाँसो पसेको पत्तै पाएनन्।

**आन्तरिक कलह र नेतृत्व संकट**

मार्क्सवादले द्वन्द्वात्मक भौतिकवादअनुसार कुनै पनि आन्दोलनको विकासमा आन्तरिक द्वन्द्वको भूमिका हुन्छ भन्ने मान्यता राख्छ। तर, नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको आन्तरिक द्वन्द्व सिर्जनात्मक नभएर विनाशकारी बन्न पुग्यो। २०७५ मा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच भएको एकीकरण पार्टी एकताको सुनौलो अवसर थियो। तर, नेतृत्व तहको शक्ति–संघर्ष र व्यक्तिगत महत्वाकांक्षाले त्यो एकतालाई भताभुङ्ग पारिदियो।

पार्टी एकताको सहमतिमा ओलीले अढाई वर्ष प्रधानमन्त्री रहेर त्यसपछि पद प्रचण्डलाई हस्तान्तरण गर्ने सहमति थियो। तर, ओलीले त्यो सहमति पालना गरेनन्। यसले पार्टीभित्र गहिरो अविश्वासको वातावरण सिर्जना गर्‍यो। अन्ततः पुँजीवादी अदालतको आदेशमा पार्टी नै विभाजित भयो। कम्युनिस्ट नेताहरूको विवेकशून्यता र अहंकारका कारण एमाले र माओवादी केन्द्र छुट्टिए। यति मात्र नभएर, एमालेबाट माधव नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) पनि अलग्गियो। यसरी कम्युनिस्ट आन्दोलनका शक्तिहरू टुक्रिनु, नेतृत्व तहको अविश्वास र व्यक्तिगत महत्वाकांक्षाले जनतामा कम्युनिस्ट पार्टीहरूप्रति गहिरो निराशा पैदा गर्‍यो।

जब जनताले आफ्ना नेताहरूलाई शक्ति र पदका लागि मात्र होडबाजी गरेको देख्छन्, तब उनीहरूको आस्था कमजोर हुन्छ। वामपन्थी राजनीतिको नैतिक आधार नै त्याग, बलिदान र जनसेवा हो। नेताहरूमा देखिएको सत्तालोलुपताले जनतालाई एकदम निराश बनायो।

**पुँजीवादी वर्गसँगको साँठगाँठ**

मार्क्सवादी वर्ग–विश्लेषणको दृष्टिकोणबाट हेर्दा, नेपालका कम्युनिस्ट पार्टीहरू क्रमशः मजदुर र किसान वर्गको प्रतिनिधित्व गर्ने संस्थाबाट पुँजीपति वर्गसँग हात मिलाउने संस्थामा परिणत भए। विभिन्न निर्वाचनमा विभिन्न कम्युनिस्ट पार्टीहरूबाट ठूलो संख्यामा ठेकेदार, व्यवसायी र उद्योगपतिहरू निर्वाचित भए। यति मात्र नभएर विनोद चौधरी, राजेन्द्र खेतान, राज्यलक्ष्मी गोल्छाहरूलाई समानुपातिक सांसद बनाइयो। यसले कम्युनिस्ट पार्टीको वर्गीय स्वरूपमा नै परिवर्तन आएको देखियो।

भ्रष्टाचारको मुद्दाले पनि कम्युनिस्ट पार्टीहरूलाई चुनावमा ठूलो क्षति पुर्‍यायो। कतिपय कम्युनिस्ट नेताहरू भ्रष्टाचारका ठूला–ठूला प्रकरणमा मुछिए भने ओली सरकारले गरेका विभिन्न विवादास्पद निर्णयहरू चर्चामा रहे। नेता र कार्यकर्ताहरूमा बढ्दो विलासिता र सादगी जीवनशैलीको त्यागले जनता र नेतृत्वबीचको दूरी बढायो। कम्युनिस्ट आन्दोलनको नैतिक आधार नै भ्रष्टाचारविहीन, सादगी र जनमुखी जीवनशैली हो, तर त्यो हराउँदै गएपछि जनताले वैकल्पिक शक्ति खोज्न थाले।

**जनताका मुद्दाबाट विमुख हुनु**

वामपन्थी राजनीतिको मूल आधार जनताका दैनिक समस्याहरूसँग जोडिनु हो। तर, सरकारमा रहेका कम्युनिस्ट पार्टीहरूले जनताका आधारभूत आवश्यकता— रोजगारी, शिक्षा, स्वास्थ्य र मूल्यवृद्धि जस्ता विषयहरूमा ध्यान दिन सकेनन्। ओली सरकारले गरेको सामाजिक सञ्जाल नियन्त्रणको प्रयास र त्यस क्रममा भएको हिंसाले युवा पुस्तामा गहिरो रोष पैदा गर्‍यो। 'जेनजी' आन्दोलनलाई प्रतिक्रियावादी शक्तिले उपयोग गरेको पत्तै नपाई केपी सरकार गिर्‍यो। लोकतन्त्रलाई लयमा ल्याउन निर्वाचनको आवश्यकता थियो, तर वामपन्थीहरूले यसलाई आफ्नो पक्षमा ल्याउन सकेनन्।

यसैको परिणामस्वरूप, निर्वाचनमा युवा र सहरी मतदाताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई अँगाले। रास्वपाले स्थापित दलहरूविरुद्धको आक्रोशलाई मतमा परिणत गर्‍यो। कम्युनिस्ट पार्टीहरूले २०७४ मा जुन जनलहरमा जित हासिल गरेका थिए, त्यही लहर अहिले उनीहरूविरुद्ध मोडियो। यसले के देखाउँछ भने कम्युनिस्ट पार्टीहरूले जनताको मन जित्न सकेनन्, जनताका मुद्दाहरूलाई केन्द्रमा राख्न सकेनन् र जनतासँगको संवाद गुमाए।

**बाह्य शक्तिहरूको प्रभाव**

वामपन्थी विश्लेषणमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र साम्राज्यवादी प्रभावको पनि उत्तिकै महत्त्व हुन्छ। नेपालमा कम्युनिस्ट सरकारको विकास भारत र अमेरिकाजस्ता शक्तिहरूको हितसँग जोडिएको छ। ओली सरकारको पालामा चीनसँगको निकटता र भारतसँग चिसिएको सम्बन्धले भारतीय सत्ता प्रतिष्ठानलाई सन्तुष्ट बनाउन सकेन। विश्लेषकहरूका अनुसार, भारतको इच्छा र दबाब नेपालको राजनीतिमा प्रत्यक्ष रूपमा देखिन्छ। ओली चीन भ्रमणबाट फर्केपछि उनको सरकार ढाल्ने षड्यन्त्र भएको गाईंगुईं पनि नसुनिएको होइन। यद्यपि यसलाई शंकाको लाभ दिने हो भने पनि बाह्य शक्तिहरूको प्रभाव र हस्तक्षेप नेपालको राजनीतिमा यथार्थ हो।

कम्युनिस्ट विरोधी शक्तिहरूले नेपालमा कम्युनिस्ट सरकारलाई अस्थिर बनाउन भूमिका खेलिरहेकै हुन्छन्। साम्राज्यवाद र विस्तारवाद विरुद्धको संघर्ष वामपन्थी आन्दोलनको अभिन्न अङ्ग हो, तर सत्तामा पुगेपछि कम्युनिस्ट पार्टीहरू यस मुद्दामा मौन बने।

**सीमान्तकृत समुदायको उपेक्षा**

मार्क्सवादले वर्गीय शोषण मात्र होइन, जातीय र लैङ्गिक उत्पीडनलाई पनि मार्क्सवादी विश्लेषणबाट हल गर्ने प्रयत्न गर्छ। नेपालको संविधान २०७२ ले धर्मनिरपेक्षता, संघीयता र समावेशीकरणको वाचा गरेको थियो। तर, कम्युनिस्ट नेतृत्वको सरकारले यी वाचाहरू पूरा गर्न सकेन। निर्वाचनमा दलित, आदिवासी जनजाति, मुस्लिम र महिलाको प्रतिनिधित्व भनै घट्यो। प्रत्यक्ष निर्वाचनमा एउटा मात्र दलित उम्मेदवार विजयी भए भने कुनै पनि मुस्लिम उम्मेदवार प्रत्यक्ष निर्वाचित हुन सकेनन्। उच्च जातीय ब्राह्मण र क्षेत्रीको प्रभुत्व झन् बलियो भयो।

कम्युनिस्ट पार्टीहरूले समावेशीकरण र सीमान्तकृत समुदायको मुक्तिको मुद्दालाई गौण बनाए। यसले ती समुदायहरूमा कम्युनिस्ट पार्टीप्रति आक्रोश बढायो र उनीहरू निर्वाचनमा तटस्थ वा विपक्षमा उभिए।

**चुनावी गठबन्धनमा देखिएको अवसरवाद**

२०७९ सालको निर्वाचनमा बनेका गठबन्धनहरू वैचारिक रूपमा विरोधाभासपूर्ण थिए। एमालेले राप्रपासँग गठबन्धन गर्दा माओवादी केन्द्रले कांग्रेससँग गठबन्धन गरेको

–बाँकी तीन पेजमा

*ऐतिहासिक...*

थियो। चुनावपछि पनि माओवादी केन्द्रले कांग्रेस छाडेर एमालेसँग सरकार बनायो र केही समयपछि फेरि कांग्रेससँग सरकार बनायो। यसरी वैचारिक आधारविनाको गठबन्धन र सत्ताका लागि जस्तोसुकै सम्झौता गर्ने प्रवृत्तिले कम्युनिस्ट पार्टीहरूको जनआधार कमजोर बनायो। राजनीतिक अवसरवादले कम्युनिस्ट आन्दोलनलाई खोक्रो बनायो। जनताले महसुस गरे कि यी पार्टीहरूमा कुनै वैचारिक स्पष्टता छैन, सत्ता प्राप्तिका लागि मात्र यी सबै रणनीति हुन्। यसले नयाँ शक्तिका रूपमा रास्वपालाई ठाउँ दियो।

**वामपन्थी आन्दोलनको पुनर्निर्माण**

नेपालमा कम्युनिस्ट पार्टीहरूको पराजयले वामपन्थी आन्दोलनको गहिरो सङ्कटलाई उजागर गरेको छ। यो सङ्कट केवल चुनावी हारको होइन, वैचारिक, संगठनात्मक र नैतिक संकट हो। वामपन्थी दृष्टिकोणबाट हेर्दा, यो पराजयले निम्न पाठहरू सिकाउँछः

पहिलो, कम्युनिस्ट पार्टीहरूले आफ्नो वैचारिक स्पष्टता पुनःस्थापित गर्नुपर्छ। धर्मनिरपेक्षता, वैज्ञानिक समाजवाद र वर्गीय दृष्टिकोणलाई केन्द्रमा राख्नुपर्छ। हिन्दू राष्ट्र पक्षधर र प्रतिक्रियावादीसँगको साँठगाँठले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउँछ। दोस्रो, पार्टीमा आन्तरिक लोकतन्त्रको विकास गर्नुपर्छ। नेतृत्व तहको व्यक्तिगत महत्त्वाकाङ्क्षा र शक्ति–संघर्षले पार्टीलाई कमजोर बनाएको छ। सामूहिक नेतृत्व र वैचारिक बहसको विकास गर्न आवश्यक छ। तेस्रो, भ्रष्टाचार र पुँजीवादी प्रभावबाट मुक्त हुनुपर्छ। नेताहरूले जनताको सेवकका रूपमा आफूलाई पुनःस्थापित गर्नुपर्छ, ठेकेदार र व्यवसायीको हैसियतमा होइन।

**चौथो, जनताका मुद्दाहरू–** रोजगारी, शिक्षा, स्वास्थ्य र मूल्यवृद्धिलाई केन्द्रमा राख्नुपर्छ। युवा पुस्ता र सहरी मतदाताको आकांक्षा बुझेर तिनलाई तत्काल सम्बोधन गर्नुपर्छ।

**पाँचौं, सीमान्तकृत समुदाय–** दलित, आदिवासी जनजाति, मुस्लिम र महिलाको मुक्ति तथा प्रतिनिधित्वको मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ।

नेपालको कम्युनिस्ट आन्दोलनले लामो संघर्ष र बलिदानको इतिहास बोकेको छ। २०८२ को पराजय अस्थायी हो, यसले आन्दोलनको अन्त्य होइन, पुनर्निर्माणको आवश्यकता देखाएको छ। त्यागका अगाडि पराजय अस्थायी हुन्छ भन्ने इतिहासले प्रमाणित गरेको छ। निरन्तरता र क्रियाशीलता, सही वैचारिक मार्ग र जनताप्रतिको प्रतिबद्धता पूरा भएमा कम्युनिस्ट आन्दोलन पुनर्जीवित हुन सक्छ। तर त्यसका लागि आत्मालोचना, पुनर्गठन र जनताको विश्वास पुनर्जागरणको लामो यात्रा तय गर्नुपर्ने हुन्छ। (बास्कोटा नेपाल कम्युनिस्ट पार्टीका नेता हुन्)

# निर्वाचनमा बालअधिकार उल्लंघनः अध्ययनले देखायो ३५० घटना

काठमाडौँ, ७ चैत्र। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लंघनका घटना दर्ता भएको देखाएको छ। बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिका सम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ। निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका–४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका–९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए। पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिहन बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो। कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पुऱ्याएको अध्ययनले देखाएको छ। अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लंघन गरेका छन्। अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औँल्याएको छ।

निर्वाचन आयोगले केही उल्लंघनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ। जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ। निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लंघनका घटना न्यून देखिएका थिए। मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ। देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ। राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ। प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक सङ्घ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो।

# 'डाउन सिन्ड्रोम'लगायत अवस्थाका परीक्षार्थीलाई विशेष व्यवस्था

काठमाडौँ, ७ चैत्र। काठमाडौँ महानगरपालिकाले अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन विशेष पकसिमले सहजता प्रदान गरेको जनाएको छ। कामपाले आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपाङ्गता, डाउन सिन्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले जानकारी दिनुभयो।

विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरपालिकाले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको पनि कामु डङ्गोलको भनाइ छ। शिक्षा नियमावली, २०५९ को नियम ४७ बमोजिम दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, मनोसामाजिक अपाङ्गता भएका विद्यार्थीका लागि निजले बुझ्ने साङ्केतिक भाषामा परीक्षा दिने व्यवस्था मिलाइएको छ। यस्ता विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वा सम्बन्धित विद्यालयले बढीमा एक घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछन्।

महानगरपालिकाले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपाङ्गता वा विशेष प्रकृतिका बालबालिकाहरूले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्याङ्कन मापदण्ड तयारी गरी विद्यार्थी मूल्याङ्कन गरेर प्राप्ताङ्क सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्नेछ। यही चैत ५ गतेबाट सुरु भएको आधारभूत तह परिक्षाका लागि ५७ वटा केन्द्र सञ्चालन भइरहेको छ। यी केन्द्रहरूमध्ये ४७ सामुदायिक विद्यालयमा र १० संस्थागत विद्यालयमा छन्। केन्द्रहरूमा ४९४ विद्यालयका १९ हजार ११७ विद्यार्थी सहभागी छन्। परीक्षार्थीमा १० हजार ७४५ छात्र र आठ हजार ३७२ छात्रा छन्। विद्यालयको प्रकृतिका आधारमा हेर्दा, दुई वटा कारागार र एउटा विशेषसहित ७७ वटा सामुदायिक विद्यालयका चार हजार ६१४, २० वटा वैकल्पिक विद्यालयका ८३७ जना, छ वटा धार्मिक विद्यालयका ७० जना र ३९१ वटा संस्थागत विद्यालयका १३ हजार ५९६ विद्यार्थीले परीक्षामा सहभागी भएका छन्।

केन्द्रीय बहिरा माध्यमिक विद्यालय, नक्सालमा अध्ययनरत विद्यार्थीहरू विशेष प्रकृतिका ( बहिरा) भएकाले उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यानमा राखी सोही विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएको छ। जगन्नाथ देवल माध्यमिक विद्यालय र बन्दी विकास आधारभूत विद्यालय कारागार (जेल) भित्र सञ्चालित रहेको र सुरक्षा संवेदनशीलताका कारण विद्यार्थीहरू बाहिर जान सहज नहुने हुँदा, ती विद्यालयहरूको परीक्षा केन्द्र त्यही विद्यालयमा नै कायम गरिएको कामपाको भनाइ छ।


## श्री जन सेवा माध्यमिक (प्राविधिक) विद्यालय कर्जन्हा

**जिल्ला– सिरहा, मधेश प्रदेश (नेपाल)**
**स्थापित २००७**

**विज्ञापन सम्बन्धमा**

**तेश्रो पटक प्रकाशित मिति २०८२।१२।०६**

प्रस्तुत सन्दर्भमा शि.वि. तथा स.इ. सिरहाको मिति २०८२।०३।०२ को च.नं. १५३९ र कर्जन्हा न.पा. ( शिक्षा, युवा तथा खेलकुद शाखा) को मिति २०८२।०२।२९ को च.नं. १२६४ को पत्रानुसार तथा यस विद्यालयको वि.व्य.समितिको मिति २०८२।१२।०४ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिल अनुसारको पद विज्ञापनबाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | किसिम | संख्या | नियुक्तिको किसिम | विषय |
|---|---|---|---|---|---|---|---|
| १. | ००२/२०८२ | प्रशिक्षक | मा.वि. द्वितीय | प्राविधिक खुल्ला | ०१ | करार | M.Sc. Chiemistry |

१. दरखास्त दिने अवधि :
(क) मा.वि. द्वितीय श्रेणीयको दरखास्त दर्ता गर्ने अन्तिम म्याद २०८२।१२।१२ गते।
सम्पर्क मिति २०८२।१२।१६ गते
२. दरखास्त दस्तुर मा.वि. द्वितीय श्रेणीको लागि रु. १५००।– श्री जन सेवा मा.वि.कर्जन्हाके नेपाल बैंक लिमिटेड मिर्चैयामा रहेको खाताको च.हि.नं. ३१२००१०७४४६५०५००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
४. परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक।
५. शैक्षिक योग्यता :
मा.वि.द्वितीय श्रेणी रसायन शाखाको प्रशिक्षक पदको लागि रसायन शाखा विषयामा स्नातकोत्तर (M.Sc.) उत्तीर्ण गरेको प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र लगायत सबै प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि तथा निरोगिताको सक्कल प्रमाण पत्र पेश गर्नुपर्ने छ। Chemistry/Math अनिवार्य पढाउनुपर्नेछ।
६. उम्मेदवारले आफ्नो रखास्तमा फोटो टाँसी ३ वटा फाइलमा सबै कागज पत्रहरु पेश पेश गर्नुपर्नेछ।
७. रित नपुगेको वा समय सिमा नाघी आएका दरखास्त दर्ता गरिने छैन।
८. सम्पर्क नं. ९८५२८३९८३०, ९८१५७३८०८०, ९८१४३९९३४०, ९८४६०६१४३२

**प्रधानाध्यापक**


# लेनदेन र बैंकिङ कसुर मुद्दाका दुईजना पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ७ फाल्गुन। सिरहा प्रहरीले लेनदेन मुद्दामा अदालतले कैद सजाय फैसला सुनाएका र बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादीसहित दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार लेनदेन बिगो चालू मुद्दामा सिरहा जिल्ला अदालतले१७ माघ २०७९ मा दुई वर्षको कैद सजाय फैसला सुनाइएका करिब ४५ वर्षीय रामजनम यादवलाई पक्राउ गरिएको हो।

सिरहाको कल्याणपुर नगरपालिका– १० घर भएका यादवलाई छिमेकी विष्णुपुर गाउँपालिका– १ स्थित स्वास्थ्य चौकीनजिक खाजा खान लागेका वेला शुक्रबार पक्राउ गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। त्यस्तै, इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरी टोलीले जिल्ला अदालतको गत २९ पुसको फैसलाअनुसार बैंकिङ कसुर

–बाँकी अन्तिम पेजमा

# आवश्यकताबिनै महँगा उपकरण

**मनिका झा**

जनकपुर, ७ चैत्र। मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आर्थिक वर्षको कुल बजेट रु.६ अर्ब ४५ करोड ६१ लाखमध्ये फागुन २४ गतेसम्म १६ प्रतिशत मात्र खर्च गरेको छ। मन्त्रालयले चालु खर्च २४ प्रतिशत गरे पनि पूँजीगत खर्च नगन्य (१.२३ प्रतिशत) रहेको तथ्यले मन्त्रालयको कार्यसम्पादन कति कमजोर छ भन्ने देखाउँछ। गत आर्थिक वर्षमा पनि अवस्था फरक थिएन। कुल बजेटको करीब ४५ प्रतिशत खर्च नभएर 'फ्रिज' भएको थियो। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा बजेट खर्च हुन नसक्नु र योजना कार्यान्वयन कमजोर हुनुले प्रदेश सरकारको प्राथमिकतामाथि नै प्रश्न उठाएको छ।




### 'बिरामी' अवस्थामा सरकारी अस्पताल

महोत्तरीको जलेश्वरस्थित प्रादेशिक अस्पतालको अवस्था आफैं बिरामी जस्तै देखिन्छ। अस्पताल परिसरमा प्रवेश गर्दा बित्तिकै दुर्गन्ध नाकमै ठोक्किन्छ। वरिपरि फोहोर थुप्रिएको छ। वार्डहरू अस्तव्यस्त छन्। बिरामी र कुरुवालाई बस्ने सफा ठाउँ समेत छैन। १५ बेडको जलेश्वर अस्पताललाई मधेश प्रदेश सरकारले १०० बेडमा स्तरोन्नति गरेको भए पनि जनशक्ति अभाव र कमजोर व्यवस्थापनका कारण बिरामीहरूले अपेक्षित सेवा पाउन सकेका छैनन्।

घुँडादुखाइको उपचारका लागि अस्पताल पुगेकी रामरती चौधरी भन्छिन्, 'फोहोर त छ तर के गर्ने, सरकारी अस्पतालमा आएपछि बर्दास्त गर्नै पर्छ। बिहानैदेखि पुर्जा काटेर बसेकी छु तर न डाक्टर आउँछन् न कसैले मतलब गर्छ।' अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रवि श्रीवास्तव भन्छन्, 'अस्पताललाई व्यवस्थित बनाउने प्रयास गरिरहेका छौं तर जनशक्ति व्यवस्थापन प्रदेशकै जिम्मेवारी हो।' अस्पतालमा रहेको एउटा एम्बुलेन्स समेत जर्जर अवस्थामा छ।

बिरामीको अत्यधिक चाप रहने जनकपुरको प्रादेशिक अस्पतालमा पनि सेवा लिनु सहज छैन। पुर्जा काट्नकै लागि सयौं मानिसको लाम लाग्छ। जाँचका लागि पुगेपछि कहिले चिकित्सक नहुने त कहिले औषधि नै नहुने समस्या सामान्य जस्तै बनेको छ। जनकपुर अस्पतालमा ११औं तहका पाँच विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि हाल एक जना मात्रै उपलब्ध छन्। मधेश प्रदेश सरकारले यो प्रादेशिक अस्पताललाई 'मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान' मातहत राखेको छ। 'सरकारले प्रतिष्ठानलाई मात्रै राम्ररी सञ्चालन गर्नका लागि त बजेट र सुविधा दिनसकेको छैन। यस्तो अवस्थामा सबैतिर भद्रगोल छ', प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डित भन्छन्।

### करोडौंका उपकरण प्रयोगविहीन

प्रदेश राजधानी जनकपुरबाट करीब ११ किलोमिटरको दूरीमा छ– महोत्तरीको पिपरा जनता अस्पताल। चिटिक्क देखिने भवनमा रहेको यो अस्पतालको माथिल्लो तलाका पाँचवटा कोठामा ताल्चा लगाइएको छ। ती कोठामा प्रदेश सरकारले पठाएका करोडौं रुपैयाँका स्वास्थ्य उपकरण थन्किएका छन्। २०७९ सालमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले अस्पतालमा डिजिटल एक्स–रे, आईसीयू भेन्टिलेटर, बिरामी मोनिटर, एनेस्थेसिया मेसिन, अल्ट्रासाउण्ड, ओटी टेबल तथा अन्य उपकरण गरी करीब ३ करोड ५८ लाख रुपैयाँ बराबरका सामग्री पठाएको थियो। जबकि, गाउँपालिकाद्वारा सञ्चालित आधारभूत सेवा प्रदान गर्ने यो सानो अस्पतालमा ती उपकरण र सुविधा सञ्चालन गर्ने जनशक्ति नै छैन।

'यी सामानहरू कहिले र कसरी आए, मलाई थाहा छैन। म भर्खर प्रमुखको भूमिकामा आएको हुँ' अस्पतालका प्रमुख सन्तोष यादव भन्छन्, 'अहिले त हामीसँग शल्यक्रिया कक्ष सञ्चालनको स्वीकृति पनि छैन। स्वीकृति माग गरेर मन्त्रालयमा पत्राचार गरेका छौं।' यद्यपि, ग्रामीण जनतालाई औषधि उपलब्ध गराउन सक्दा बढी उपयोगी हुने उनी सुनाउँछन्। भन्छन्, 'प्रदेश सरकारले औषधि दिएको छैन। पालिकाबाटै पाएको थोरबहुत औषधिबाट काम चलाएका छौं।' यस्तै अवस्था जलेश्वर अस्पतालमा पनि देखिन्छ। अस्पतालको दोस्रो तलामा बन्द कोठाभित्र अलपत्र भेन्टिलेटर सहितको बेड, डायलासिस मेसिन लगायत उपकरण प्रयोगविहीन अवस्थामा राखिएका छन्।

चार वर्षअघि नै प्रदेश सरकारले उपलब्ध गराएको डायलासिस मेसिन उपयोग नगरेरै बिग्रिएको मेडिकल सुपरिन्टेन्डेन्ट श्रीवास्तव बताउँछन्। अन्य उपकरण पनि धुलाम्य छन्। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले सर्लाहीको धनकौलस्थित आमा तथा बाल अस्पतालका लागि रु.४ करोड ४२ लाखभन्दा बढीका उपकरण उपलब्ध गराएको थियो। तर अस्पताल नै सञ्चालनमा नआएकाले थन्क्याइएका ती उपकरण अहिले कबाड बन्दैछन्।अस्पतालको आवश्यकता नै नबुझी उपकरण किन्ने लोभको बलियो उदाहरण हो प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले लहान अस्पतालका लागि गरेको खरीद।

केन्द्रले आव २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लहान अस्पतालका लागि रु.५ करोड ३७ लाख बराबरको उपकरण खरीद गऱ्यो। खरीद पश्चात् केन्द्रले २०८१ जेठ २३ गते उक्त अस्पताललाई आवश्यक उपकरण संख्या र उपकरण सञ्चालन गर्ने जनशक्ति भए वा नभएको खुलाई पठाइदिन पत्र लेख्यो। लहान अस्पतालले उक्त पत्रको जवाफमा 'उपकरण सञ्चालन गर्ने जनशक्ति नरहेकोले जनशक्ति व्यवस्थापन भएपश्चात् उपकरण उपलब्ध गराइदिन' भनेर जवाफ पठायो। लहानमा ती सामग्रीहरू काम नलाग्ने भएपछि जनकपुर अस्पताललाई हस्तान्तरण गरियो।

आव २०७९/८० को बजेटबाट केन्द्रले प्रादेशिक अस्पताल सर्लाही र रौतहटका लागि रु.४ करोड १२ लाखका फोहोर व्यवस्थापन उपकरण र रु.१ करोड ८६ लाखका वोन डेन्सिमिटर खरीद गरी हस्तान्तरण गरेकोमा ती उपकरण पनि सञ्चालनमै आएका छैनन्। 'ती उपकरणहरू कसरी खरीद भए त्यसको सटिक जवाफ त दिन सक्दैनौं तर, आवश्यकता विना यसरी सामान खरीद गर्नु उचित हैन', मधेश प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादव भन्छन्।

### दुई वर्षदेखि औषधि खरीद बन्द

मधेश प्रदेश सरकारले पछिल्लो दुई वर्षदेखि प्रदेश मातहतका अस्पतालका लागि औषधि खरीद गरेको छैन। औषधि खरीदका लागि गत आर्थिक वर्षमा तीन पटक टेन्डर आह्वान गरिए पनि निर्देशक फेरबदल र विभिन्न विवादका कारण प्रक्रिया रद्द भएपछि खरीद हुन सकेन। औषधि खरीदका लागि छुट्याइएको करीब १६ करोड रुपैयाँ बजेट फ्रिज भएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. राजीव झाले बताए। 'तर, यस वर्ष हामी औषधि खरीदका लागि प्रक्रियामा गइसकेका छौं', डा. झा भन्छन्।

राजनीतिक हस्तक्षेपका कारण प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा गत वर्ष चार जना निर्देशक फेरिए। २०८० मंसिर २० गते केन्द्रमा हाजिर भएका निर्देशक डा. मनीष पाण्डे २०८१ असोज २० गते सरुवा गरिए। उनको स्थानमा आएका निर्देशक डा. राजीवकुमार झा हाजिर भएको चार महिना नबित्दै चैत २ गते सरुवा भए। झाले औषधि खरिदका लागि टेन्डर आह्वान त गराए तर, मन्त्रालयले खरीद ऐन र स्वास्थ्य निर्देशिका विपरीत कुनै अमूक व्यक्तिलाई फाइदा पुऱ्याउने उद्देश्यले टेन्डर निकालिएको ठहर गर्दै बदर गरिदियो। सोही विवादका कारण झा सरुवा भएपछि डा. सुनिलप्रसाद कुशवाहलाई निर्देशकको जिम्मेवारी तोकियो। तर, केही महीना नबित्दै कुशवाहको ठाउँमा फेरि डा. झा नै आएका छन्।

### ओएनएम नहुँदा पनि समस्या

मधेशमा जनकपुर बाहेक जलेश्वर, सिरहा, लहान, मलंगवा, गौर र कलैया गरी ६ वटा प्रादेशिक अस्पताल छन्। यी अस्पतालहरूलाई १०० र १५० बेडमा स्तरोन्नति गरिए पनि स्थायी दरबन्दी भने पुरानै १५ बेडकै छ। थप केही कर्मचारीहरू करार, ज्यालादारी र डोर हाजिरीमा राखेर काम चलाइएको छ। दुई वर्षअघि तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहको बेलामा अस्पतालको यस्तो 'स्तरोन्नति' गरिएको हो।

पछिल्लो तीन वर्षयता प्रदेश सरकारले स्वास्थ्य सेवामा पदपूर्तिका लागि माग समेत गरेको छैन। संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) अद्यावधिक नभएका कारण दरबन्दी निर्धारण र स्थायी पदपूर्ति प्रक्रिया अघि बढ्न सकेको छैन। स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार यस वर्ष ओएनएम गर्ने तयारी गरिएको छ। 'विभिन्न कारणले ओएनएम हुन सकेन। तर अब प्रदेश मातहतका अस्पताललाई व्यवस्थित बनाउन यसलाई प्राथमिकतामा राखेका छौं', उनले भने।

मधेश प्रदेश सरकार मातहत रहेका प्रादेशिक अस्पताल, अन्य अस्पताल र जनस्वास्थ्य प्रयोगशालाहरूमा जनशक्तिको चरम अभाव हुँदा प्रभावकारी सेवा दिन सकेका छैनन्। औषधि अभाव, जनशक्ति संकट, पूर्वाधार विनै उपकरण खरीद, कमजोर बजेट खर्च र प्रशासनिक अस्थिरताले मधेश प्रदेशको स्वास्थ्य सेवा गम्भीर संकटमा परेको छ। अस्पतालहरूको स्तरोन्नति कागजमै सीमित हुँदा बिरामीले उपचार सेवा पाउन सकेका छैनन्। स्वास्थ्य सेवा सुधारका लागि पारदर्शी खरीद प्रक्रिया, स्थायी जनशक्ति व्यवस्थापन र प्रभावकारी योजना कार्यान्वयन तत्काल आवश्यक देखिन्छ।

## अस्पताल सुधारको...

चालु आर्थिक वर्षमा नियुक्त भएका सबै कर्मचारीको नियुक्तिपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उल्लेख छ। आकस्मिक सेवामा आएका बिरामीका आफन्तलाई बाहिरका निजी पसलबाट औषधि किन्न बाध्य पार्ने वा दबाब दिने कार्य तत्काल रोक्नुपर्ने, अस्पतालका पदाधिकारी तथा कर्मचारीको स्पष्ट कार्य विभाजन र जिम्मेवारी निर्धारण गर्नुपर्नेलगायत माग राखिएका छन्।

ज्ञापनपत्र बुझ्दै अस्पताल सञ्चालन समितिका अध्यक्ष रामनारायण मेहताले बिरामीको चाप बढ्दै जाँदा केही कर्मचारीलाई स्वयंसेवकका रूपमा बिना तलब खटाइएको जानकारी दिए। आन्तरिक स्रोत पर्याप्त नभएकाले नियमित तलबमा राख्न नसकिएको उहाँको भनाइ छ। साथै, प्रदेश सरकारले मेडिकल सुपरिटेन्डेन्ट ( मेसु) नियुक्त नगर्दा झन्डै दुई वर्षदेखि निमित्त मेसुको भरमा अस्पताल सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनले बताए।

रास्वपा लहान नगर सभापति लवकुमार मण्डलद्वारा हस्ताक्षरित उक्त ज्ञापनपत्रको बोधार्थ मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सिरहा तथा इलाका प्रशासन कार्यालय लहानमा पठाइएको छ। अस्पतालको सेवा सुधार, पारदर्शिता र जनमैत्री व्यवस्थापन सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्ने उनको माग छ। विगत ४७ वर्षदेखि मुरारका र सारडा परिवारले अस्पतालको नाममा दान गरेको जग्गाको स्वामित्व गत मङ्सिरमा मात्र अस्पतालकै नाममा दर्ता भएको थियो। जग्गा अस्पतालको स्वामित्वमा आएपछि नयाँ भवन निर्माण, सिटी स्क्यान, एमआरआई सेवा तथा विशिष्टीकृत ट्रमा सेन्टर स्थापना गर्ने बाटो खुलेको छ।

## ल फर्मको ...

पठाइएको छ, त्यसको प्रतिवेदन आएपछि संलग्नता रहेछ भने सार्वजनिक गर्छौं।' विस्फोटमा ल फर्ममा काम गर्ने सिरहा नगरपालिका– १ घर भएका सौरभ यादवको हातको औँला र खुट्टामा सामान्य चोट लागेर घाइते भएका थिए। विस्फोटमा ल फर्ममा रहेका कम्प्युटर, फर्निचरलगायतका सामग्रीमा पनि क्षति पुगेको थियो।

## लेनदेन र ...

मुद्दाका फरार प्रतिवादी करिब ४० वर्षीय प्रमोद साहलाई पनि पक्राउ गरिएको उनले बताए। उनका अनुसार धनगढीमाई नगरपालिका–९, गोठचोक घर भएका साहलाई खोजतलासको क्रममा घरमै लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको हो। प्रहरीका अनुसार पक्राउ गरिएका दुवैलाई जिल्ला प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको छ।

# बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु

काठमाडौँ, ७ चैत्र। काठमाडौँको भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु भएको छ। काठमाडौँ महानगरपालिका–१२ भोटेबहालमा कालिमाटीबाट त्रिपुरेश्वरतर्फ आउँदै गरेको ओमजनता यातायातको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय पदम उपाध्याय र ३७ वर्षीय सतिशकुमार कुसवाहको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

बागमती प्रदेश–३–०१–००५ ख ९२९८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते भएका उहाँहरूको उपचारका क्रममा गएराति राष्ट्रिय ट्रमा सेन्टरमा मृत्यु भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिनुभयो। बसचालक दोलखा घर भई कपन बस्ने ३५ वर्षीय मानबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। घटनाबारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)